आर्थिक वर्ष २०७९/०८०

# विनियोजन ऐन २०७९

## के. आई. सिंह गाउँपालिका

डोटी जिल्ला

सुदुरपश्चिम प्रदेश

२०७९

Scanned by TapScanner

# <u>के.आई.सिंह गाउँपालिकाको विनियोजन ऐन, २०७९</u>

**के.आई.सिंह गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**सभामा पेश भएको मिति २०७९।०३।१०**

सभाबाट स्वीकृत मिति: २०७९।०३।२८

**<u>प्रस्तावना</u>: के.आई.सिंह** गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम के.आई.सिंह गाउँ सभाले यो ऐन बनाएको छ।

१.**<u>संक्षिप्तनामर प्रारम्भ</u>:** (१)यस ऐनको नाम "के.आई.सिह गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**<u>आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार</u>:** (१)आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४३,१३,७१,०००।०० (**अक्षेरुपी त्रिचालिस करोड तेह्र लाख एकहत्तर हजार रुपैया मात्र** ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन</u>:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त के.आई.सिंह गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा

लोकेन्द्र बहादुर शाही
अध्यक्ष

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned by TapScanner

एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न संकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| १ | | गाउँकार्यपालिका र वडा तर्फ | ८४७७० | १४१८०१ | | २२६५७१ |
| २ | | बिषयगतशाखा सर्शत अनुदान | १५५१०० | १६००० | | १७११०० |
| ३ | | लगानी (शेयर/ऋण) | 0 | 0 | 0 | 0 |
| ४ | | विशेष अनुदान संघ | | २०००० | | २०००० |
| ५ | | समपुरक अनुदान संघ | | ६५०० | | ६५०० |
| ६ | | विशेष अनुदान प्रदेश | | २५०० | | २५०० |
| ७ | | समपुरक अनुदान प्रदेश | | ४७०० | | ४७०० |
| **जम्मा रकम** | | | २३९८७० | १९१५०१ | 0 | ४३१३७१ |

के आई सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चायल, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

लोकेन्द्र बहादुर शाही
अध्यक्ष

Scanned by TapScanner